# म्याग्दे गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय, छाङ, तनहुँ
### ४ नं. प्रदेश, नेपाल

# हाइड्रोलिक टिपर खरिद कार्यको लागि शिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७४।१२।११**

यस कार्यालयको फोहरमैला ब्यवस्थापन कार्यको लागि एक हाइड्रोलिक टिपर गाडी आवश्यक भएकोले सोको खरिद कार्य सिलबन्दी बोलपत्रद्वारा गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत (मान्यता) प्राप्त उत्पादक/कम्पनी/अधिकृत विक्रेताबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वक शिलबन्दी बोलपत्र आह्वान गरिएको व्यहोरा इच्छुक सम्बन्धित सबैलाई यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपशिल :**

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र चालु आ.व. का लागि नवीकरण भएको इजाजत पत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. २०७३।०७४ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक बोलपत्रदाताले यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

२. खरिद भएका बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजे भित्र शिलबन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधीहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन।

३. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयानुसार हुनेछ।

४. बोलपत्र साथ जमानत वापतको रकम नेपाल बैंक लिमिटेड, दमौली स्थित शाखामा यस कार्यालयको धरौटी खाता नम्बर ०६००३०००००००००३००००५२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बरावरको यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड (Bid Bond) (बोलपत्र पेश गरेको अन्तिम मितिबाट १२० दिन मान्य भएको) पेश गर्नुपर्नेछ।

५. म्याद नाघि आएको, रित नपुगेको र शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

६. बोलपत्रदाताबाट बोलपत्रमा उल्लेखित मुल्य अभिवृद्धि कर बाहेकको रकम उल्लेख गर्नुपर्नेछ। सो दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। केरमेट भएकोमा केरमेट भएको ठाँउमा सहीछाप भएको हुनुपर्नेछ।

७. यस कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सवै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

९. यस सूचनामा लेखिएको हकमा यसै अनुसार र सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित ऐन तथा कानुन बमोजिम हुनेछ।

१०. बोलपत्र दाखिला गर्ने तथा खोल्ने समयमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम नागरिक समाज तथा सञ्चारकर्मी समेतको उपस्थितिको लागि अनुरोध गरिएको छ।

११. शिलबन्दी बोलपत्रको कामको विवरण निम्नअनुसारको हुनुपर्नेछ।

| ठेक्का नम्बर | कामको विवरण | संख्या | जमानत बापत धरौटी रकम | बोलपत्र फारम दस्तुर रकम |
|---|---|---|---|---|
| ३/२०७४/०७५ | बोलपत्र कागजातमा संलग्न स्पेशिफिकेशन अनुसारको हाइड्रोलिक टिपर आपूर्ति कार्य | १ (एक) | रु.७७,०००।०० | रु.३,०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**